# ग्रामिण कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

हरिहरभवन,ललितपुर

# ग्रामिण कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७/०६/२६

**प्रस्तावना:** आयोजनाका लाभग्राही कृषकहरुलाई ग्रामिण कुखुरा पालन सम्बन्धी जलवायु तथा पोषणमैत्री प्रविधिहरुको अवलम्बन मार्फत अण्डा र मासुको उत्पादन र उत्पादकत्व बृद्धि आय आर्जन बढाउने अभिप्रायले आयोजना दस्तावेज (PAD) र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल (PIM) मा व्यवस्था भए बमोजिम ग्रामिण कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न यो **ग्रामिण कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"ग्रामिण कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनुपर्छ ।

(ख) **"आयोजना व्यवस्थापन इकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(ग) **"आयोजना क्लष्टर इकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर इकाईहरूलाई सम्झनुपर्छ।

(घ) **"जलवायु तथा पोषण मैत्री प्रविधि"** भन्नाले आयोजनाले प्रवर्द्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन वा जलवायु परिवर्तनको असर न्यूनीकरण वा अनुकूलन गर्ने र पोषण सुरक्षा प्रवर्द्धन गर्न तथा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रविधिहरूलाई सम्झनुपर्छ।

(ङ) **"जैविक सुरक्षा"** भन्नाले पशुपन्छी पालन गरेको परिसरमा पशुपन्छी रोग गराउने सुक्ष्म जिवाणु वा विषाणुको प्रवेश तथा फैलावट नियन्त्रण गरी पशुपन्छीलाई रोग व्याधीबाट बचाउन र स्वच्छ पशुपन्छीजन्य पदार्थ उत्पादन गर्न अपनाइने विधि लाई सम्झनुपर्छ ।



सचिव

(च) **"लाभग्राही"** भन्नाले आयोजनाबाट प्रत्यक्ष सेवा प्राप्त गर्ने कृषक समूह वा कृषक समुहका सदस्यहरूलाई सम्झनुपर्छ ।

(छ) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने ग्रामिण कुखुरा पालन प्रवर्द्धन कार्यक्रमलाई सम्झनुपर्छ ।

(ज) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(झ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(ञ) **"सेवा प्रदायक"** भन्नाले प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थाहरुबाट गाँउपालिकामा खटाईएका प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(ट) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनुपर्छ ।

३. <u>उद्देश्य:</u> (१) यस कार्यविधिका देहाय वमोजिमका उद्देश्यहरु रहनेछन्

(क) कृषकहरुमा कुखुरा पालन सम्बन्धी जलवायु तथा पोषण मैत्री प्रविधिहरुको अवलम्बन गराउने।

(ख) अण्डा र मासुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने ।

४. <u>कार्यक्रम विवरण:</u> (१) यो कार्यक्रमको आयोजना लागु भएका आठ जिल्लाका १६ गाँउपालिकाहरुमा सञ्चालन गरिनेछ ।

(२) नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट आयोजना कार्यक्षेत्रका लागि सिफारिस गरिएका जलवायु तथा पोषण मैत्री प्रविधिहरुको अवलम्बन गर्न कृषकहरुलाई प्रेरित गरिनेछ ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रक्रिया

५. <u>लक्षित वर्ग तथा समूह गठन:</u> (१) खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भूकम्प र बाढी पीडित, खाद्य असुरक्षित, दलित र पिछडीएका, आदिबासी, महिला र विस्थापित समुदायलाई लक्षित गरिनेछ ।

(२) लक्षित वर्ग समावेशका लागि आयोजना लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरु मध्ये देहायका कृषकहरुलाई प्राथमिकता दिई कृषक समूह गठन गरिनेछ ।



सचिव

(क) कुखुरा पालनलाई घर परिवारको आयश्रोतको रुपमा अपनाउँदै आएका वा अपनाउन इच्छुक कृषकहरु ।

(ख) कुखुरा पालन गरी अण्डा तथा मासु बिक्री गर्दै आएका कृषकहरु ।

(३) उपदफा (२) बमोजिम गठित कृषक समूह सम्बन्धीत गाँउपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ साथै सम्भव भए सम्म प्रत्येक समुहमा ६५ प्रतिशत महिला सदस्यको सहभागी गराईनेछ।

(४) कृषक समूहलाई समूह परिचालन तथा आयोजना बारे अभिमुखिकरणका साथै अनिवार्य रुपमा समूहको नाममा बैंक खाता खोल्न पर्नेछ ।

६. <u>समुहको माग सङ्कलन</u> (१) आयोजना क्लष्टर इकाईले दफा ५ बमोजिम गठित कृषक समुहहरुको निम्न लिखित विवरणहरु संलग्न गरी समुहको माग सङ्कलन गर्नु पर्नेछ ।

(क) कुखुरा पालन सम्बन्धी र आवश्यक स्थलगत तालिमको विवरण

(ख) उपचार तथा खोप सम्बन्धी विवरण

(ग) उपयुक्त घाँसको बीउ, बेर्ना सम्बन्धी विवरण

(घ) उत्पादित अण्डा र मासुको उपयोग तथा बिक्री योजना

(ङ) आवश्यक अन्य विविध विवरण

७. <u>खोर निर्माण</u>: (१) ग्रामिण कुखुरा पालनका लागि समूह मार्फत प्रत्येक सदस्यलाई खोर निर्माणका लागि आयोजना क्लष्टर इकाईबाट रकम उपलब्ध गराईनेछ ।

(२) खोर निर्माणका लागि प्रत्येक सदस्यलाई कार्यक्रमको पहिलो वर्ष अनुदान उपलब्ध गराईनेछ।

(३) खोर निर्माण गर्दा स्थानीय स्तरमा उपलब्ध हुने श्रोत साधनहरुको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

(४) अनुसुची १ मा उल्लेख गरिएको मापदण्ड अनुरुप ग्रामिण कुखुरा पालनका लागि खोर निर्माण गर्नु पर्नेछ ।

(५) खोर निर्माणका लागि दुई किस्तामा, प्रथम किस्ता अधिकतम ५० प्रतिशत रकम र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकी रकम दोश्रो किस्तामा आयोजना क्लष्टर इकाईले समुहको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

सचिव

८. **कुखुरा चल्ला वितरणः** (१) समुहका प्रत्येक सदस्यलाई ८ हप्ता सम्म हुर्काईएका Dual Purpose जात (New Hampshire वा Black Austrolop वा Giriraj) का ६ वटा (३ वटा भाले र ३ वटा पोथी) का दरले कुखुराका चल्ला पहिलो वर्ष अनुदानमा उपलब्ध गराईनेछ ।

(२) हुर्काईएका कुखुराका चल्ला सम्भव भए सम्म नेपाल कृषि अनुसन्धान परिषद् वा पशु सेवा विभाग अन्तर्गतका कुखुरा फार्महरुबाट खरिद गर्नु पर्नेछ ।

(३) वितरण गरिने कुखुराको चल्लाहरुमा ८ हप्ता सम्म लगाई सक्नु पर्ने सम्पूर्ण खोपहरु लगाई सकेको हुनु पर्नेछ ।

९. **घाँसको बीउ, बेर्ना वितरणः** (१) दफा (६) बमोजिम कृषकहरुबाट माग भएका पोषिलो घाँसको बीउ, बेर्ना दुबै वर्ष आवश्यक बीउ, बेर्ना अनुदानमा उपलब्ध गराईनेछ ।

१०. **खोप र औषधीको व्यवस्थाः** (१) रोग उपचार, परजिवि नियन्त्रण एवं रोग रोकथामका लागि खोप कार्यक्रम र आवश्यक औषधी कृषक समूहलाई दुबै वर्ष अनुदानमा उपलब्ध गराईनेछ।

११. **तालिम सञ्चालनः** (१) कृषक समूहमा दफा ६ बमोजिम समूहको माग अनुसारको विषयमा कुखुरापालन सम्बन्धी ३ दिने तालिम पहिलो वर्ष सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने तालिममा स्वच्छ अण्डा तथा मासु उत्पादन, असल पशुपन्छी व्यवस्थापन, पशुपन्छी स्वास्थ्य संरक्षण, जैविक सुरक्षा र आहार व्यवस्थापन आदि विषयहरुलाई प्राथमिकता दिईनेछ ।

(३) दफा ६ बमोजिम समूहको मागमा आधारित विषयमा १ दिवसीय स्थलगत अभिमुखिकरण/तालिम प्रत्येक वर्ष २ वटाका दरले कूल ४ वटा सञ्चालन गरिनेछ ।

## परिच्छेद -३

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

१२. **अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्थाः** (१) कृषक समूहले अनुसुची २ बमोजिम अभिलेख राख्नु पर्नेछ र सो को प्रतिवेदन उपदफा (२) बमोजिम आयोजना क्लष्टर इकाईमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अभिलेख तयारका लागि गाँउपालिकामा कार्यरत आयोजनाका सेवा प्रदायकहरुले सहयोग गर्ने र सो को प्रगती अनुगमन तथा मूल्याङ्कन अधिकृतले सङ्कलन गरी मासिक, चौमासिक र वार्षिक रुपमा आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ ।



सचिव

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईको हुनेछ साथै आवश्यकता अनुसार सम्बन्धीत गाँउपालिका वा अन्य निकाय सँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगती प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रुपमा आयोजना क्लष्टर इकाईले आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।

## परिच्छेद -४
## विविध

१३. **आर्थिक पक्षः** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** को अनुसुची **3.1 II** मा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिका आधारमा समुहको बैङ्क खाता मार्फत गर्नुपर्नेछ ।

१४. **गुनासो तथा उजुरीः** (१) यस कार्यक्रम सञ्चालन सँग सम्बन्धीत कुनै किसिमका उजुरी वा सिकायत वा गुनासोहरु आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१५. **अमान्य हुने** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

१६. **प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानून, नियम बमोजिम हुनेछ ।

१७. **बाधा अड्काउ फुकाउनेः** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१८. **खारेजी तथा संशोधनः** (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव

## अनुसूची-१

(दफा ७ सँग सम्बन्धीत)

**ग्रामिण कुखुरा पालन खोर निर्माणको मापदण्ड**

१. कुखुराको खोर ओभानो, पहारिलो तथा हावाको राम्रो आवत जावत हुने ठाउँमा निर्माण गर्नु पर्छ ।

२. स्थानीय रुपमा उपलव्ध हुने काठ, बाँस, खर वा ढुङ्गा माटोबाट बनाउन सकिन्छ ।

३. कुखुराको खोरको निर्माण गर्दा कम्तिमा ५ फिट लम्बाइ, ३ फिट चौडाइ र छेउमा उचाइ ५ फिट एवं बिचमा उचाइ ७ फिट हुनुपर्दछ ।

४. जमीनभन्दा खोरको सतह कम्तिमा ०.५ फिट अग्लो बनाउनु पर्दछ ।

५. पर्याप्त हावा ओहोरदोहोर गर्नको लागि झ्याल र ढोकाको व्यवस्था गर्नु पर्छ ।

## अनुसूची-२

(दफा १२ को उपदफा १ सँग सम्बन्धीत)

**अभिलेख ढाँचा**

**३.१ कुखुरा पालन, अण्डा तथा मासु उत्पादनको उपभोग एवं विक्री सम्बन्धी अभिलेख (प्रत्येक कृषक सदस्यले भर्ने)**

कृषकको नामः
कृषकको संकेत नं.
फोन नं.

समुहको नामः
समुहको संकेत नं.

जिल्लाः
गाँउपालिकाः
वार्डः

महिनाः
आर्थिक वर्षः

| गते | जम्मा कुखुराको संख्या | रोगी कुखुरा | मरेको संख्या | प्रयोग गरिएको औषधी | भ्याक्सीन | अण्डा उत्पादन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| .... | | | | | | | |
| ३० | | | | | | | |

सचिव